प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्\

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)

सानोठिमी, भक्तपुर .

Occupational Training of Trainers (Occupational ToT) तथा Management and Leadership Training for TVET professionals बिषयका तालीमहरुका लागि

## दरखास्त आव्हान गरिएको सूचना

सूचना प्रकाशित भएको मिति २०७५।७।१९

यस प्रतिष्ठानले बिगत २ दशकभन्दा बढी समयदेखि प्राविधिक तथा व्यावसायिक सीप सिकाउने संस्थाका प्रशिक्षक तथा व्यवस्थापकहरुलाई प्राथमिकताका साथ सेवाकालीन तालीमहरु प्रदान गर्दै आएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थाका ती तहमा प्रशिक्षण दिने प्राविधिक प्रशिक्षकहरु तथा व्यवस्थापकहरुलाई व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजना दोस्रो (EVENT Project II PS) को कार्यक्रम अनुसार प्राविधिक प्रशिक्षण प्रतिष्ठानद्वारा निम्न तालीमहरु उल्लेखित मितिहरुमा हुने भएकाले न्यूनतम योग्यता पुगेका प्राविधिक तालीम दिने संस्थाका ईच्छुक ब्यवस्थापकहरु, प्राविधिक प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुले प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। उम्मेदवारहरुको छनोट निर्धारित मापदण्ड अनुसार गरिनेछ।

**तालीमको नाम, समूह, आवश्यक योग्यता र अनुभव, संचालन गरिने मिति, बिषय र स्थान देहाय अनुसार छन्।**

| तालीमको नाम | योग्यता र अनुभव | तालीम संचालन हुने मिति, बिषय, समूह र स्थान |
|---|---|---|
| **पेशागत प्रशिक्षक प्रशिक्षण** (**Occupational ToT**) | सम्बन्धित बिषयमा स्नातक, डिप्लोमा तथा प्राविधिक एस. एल सी तह उत्तीर्ण वा सो सरहको सीप परीक्षण पास गरी डिप्लोमा तथा प्राविधिक एस. एल सी तहमा १ बर्षदेखि प्रशिक्षण दिंदै आएका प्राविधिक प्रशिक्षक तथा सहायक प्रशिक्षकहरु। | **प्राविधिक प्रशिक्षण प्रतिष्ठान सानोठिमी, भक्तपुरमा**<br><br>**(समूह १)**<br>२०७५ पुस २३ देखि माघ ३ सम्म<br>**(बिषयः निर्माण)**<br><br>**(समूह २)**<br>२०७५ माघ ०७ देखि माघ १७ सम्म<br>**(बिषयः ईलेक्ट्रिकल)**<br><br>**(समूह ३)**<br>२०७५ माघ २८ देखि फागुन ९ सम्म<br>**(बिषयः लाईभस्टक)**<br>(प्रत्येक समूहमा २० जना सहभागी रहनेछन्)<br><br>**(समूह ४, ५, ६)**<br>२०७५ पुस २३ देखि माघ ३ सम्म<br>**बिषयः हस्पिटालिटी (पोखरा), कृषि (लहान), मेकानिकल (बुटवल)**<br>(प्रत्येक समूहमा २० जना सहभागी रहनेछन्)<br><br>**(समूह ७, ८, ९)**<br>२०७५ माघ ७ देखि माघ १७ सम्म<br>**बिषयः हेल्थ (धनगढी), कृषि (ईटहरी), लाईभस्टक (पोखरा)**<br>(प्रत्येक समूहमा २० जना सहभागी रहनेछन्)<br><br>**(समूह १०, ११, १२)**<br>२०७५ माघ २८ देखि फागुन ९ सम्म |

| | | |
|---|---|---|
| | | **बिषयः हेल्थ (बिराटनगर), निर्माण (पोखरा), कृषि (सुर्खेत)**<br>(प्रत्येक समूहमा २० जना सहभागी रहनेछन्)<br><br>**(समूह १३)**<br>२०७५ फागुन १३ देखि फागु २३ सम्म<br>**बिषयः हेल्थ (बुटवल)**<br>(प्रत्येक समूहमा २० जना सहभागी रहनेछन्) |
| प्राविधिक तथा व्यावसायिक शिक्षा एबं तालीममा संलग्न व्यवस्थापकहरुका लागि व्यवस्थापन तथा नेतृत्व तालीम<br><br>**(Management and Leadership Training for TVET Professionals)** | प्राविधिक बिषयमा स्नातक भई प्राविधिक तथा व्यावसायिक शिक्षा एबं तालीम तर्फ टी एस एल सी र डिप्लोमा कार्यक्रममा कम्तिमा ५ बर्ष प्रशिक्षण अनुभव भएका बहालवाला वा संभावित व्यवस्थापकहरु।<br>वा<br>प्राविधिक तथा व्यावसायिक शिक्षा एबं तालीम तर्फ टी एस एल सी र डिप्लोमा कार्यक्रममा न्यूनतम टि एस एल सी वा डिप्लोमा योग्यता भई कम्तिमा १० बर्ष प्रशिक्षण अनुभव भएका अधिकृत स्तरका प्रशिक्षक वा व्यवस्थापकहरु।<br>वा<br>प्राविधिक तथा व्यावसायिक शिक्षा एबं तालीम तर्फ टी एस एल सी र डिप्लोमा तालीम प्रदान गर्ने संस्थामा कम्तिमा १० वर्ष उक्त कार्यक्रमहरु व्यवस्थापन गरेका अधिकृत स्तरका व्यवस्थापकहरु। | **प्राविधिक प्रशिक्षण प्रतिष्ठान सानोठिमी, भक्तपुरमा**<br>**समूह १**<br>२०७५ पुस १ देखि पुस २० सम्म सैद्धान्तिक कक्षा<br>**समूह २**<br>२०७५ चैत १७ देखि २०७६ बैशाख ६ गते सम्म सैद्धान्तिक कक्षा<br>**समूह ३**<br>२०७६ बैशाख १५ देखि २०७६ जेठ ३ गते सम्म सैद्धान्तिक कक्षा<br>(प्रत्येक समूहमा २० जना सहभागी रहनेछन्)<br>सैद्धान्तिक कक्षा सकिएको ३ हप्ता भित्र आफ्नो कार्यस्थलमा प्रोजेक्ट कार्य (**Practicum)** र प्रोजेक्ट कार्यको रिपोर्ट तथा प्रस्तुतिका लागि तयार हुनु पर्नेछ।<br>कार्यस्थलमै प्रस्तुति हुने र प्रस्तुति तालिका तालीमका समयमा उपलब्ध गराईने छ। |

यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र अथवा २०७५ मङ्सीर ३ गते अपरान्ह २.०० बजे सम्म आवेदन फाराम भरी फाराममा उल्लेखित विवरणहरुलाई प्रमाणित गर्ने नागरिकता, नियुक्तिपत्र शिफारीसपत्र, शैक्षिक योग्यता र अनुभवका कागजातहरुका प्रतिलिपीहरु स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा आवेदन फाराम साथ संलग्न गरी पेश गर्नु पर्नेछ। फाराम हुलाकबाट पनि पठाउन सकिने छ। **उम्मेदवार स्वयंले प्रमाणित गरिएका प्रमाणपत्रहरु स्क्यान गरी ई मेल मार्फत पनि आवेदन फाराम पठाउन सकिने छ तर यसरी पठाईएका कागजातहरु अपूर्ण रहेमा आवेदन दर्ता हुने छैन।** फाराम सहित सबै स्क्यान कागजातहरुको एउटामात्र फाईल बनाई पठाउनु पर्नेछ।टुक्रामा प्राप्त स्क्यान कागजातहरु दर्ता गरिने छैन।यसरी बाहिरबाट पठाईएका फारामहरु अन्तिम मिति भित्र प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा दर्ता भई सक्नु पर्नेछ।

आवेदन फाराम प्रतिष्ठानको वेब साइट www.titi.org.np र व्यावसायिक शिक्षा तथा तालीम अभिबृद्धि परियोजनाको (EVENT Project II) वेब साइट www.event.gov.np बाट Download गरी Print गरेर वा प्रतिष्ठानबाट प्राप्त गर्न सकिनेछ।

ई मेलका लागि निम्न सबै ठेगाना प्रयोग गर्नु होला।
poudel.ashwin@gmail.com; krk@titi.org.np; pm@titi.org.np; marketing@titi.org.np

**सहभागी छनोटका लागि परिभाषा, शर्त र मापदण्डहरु**

1 "प्राविधिक बिषय" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद अन्तर्गत टी एस एल सी वा डिप्लोमा तहमा पढाईने प्राविधिक बिषयहरु भन्ने बुझ्नु पर्दछ।

2 "प्रशिक्षण" भन्नाले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदान गर्ने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा प्रशिक्षण कार्य गरेको भन्ने बुझ्नु पर्छ।

3 "अनुभव" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा व्यवस्थापकीय कार्य वा प्राविधिक विषयको प्रशिक्षण कार्य गरेको अनुभव भन्ने बुझ्नु पर्छ।

4 "व्यवस्थापक" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा कार्यरत व्यवस्थापक (प्रमुख, उप प्रमुख, ट्रेड हेड र कार्यक्रम संयोजक) लाई बुझाउँछ।

5 "प्रशिक्षक" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का आङ्गीक, साझेदारी, सामुदायिक बिद्यालयमा प्राविधिक शिक्षा एवं परिषद्द्वारा सम्बन्धन प्रदान गरिएका निजी क्षेत्रका डिप्लोमा तथा प्राविधिक एस. एल. सी. कार्यक्रम प्रदायक संस्थामा कार्यरत प्रशिक्षक तथा सहायक प्रशिक्षकलाई बुझाउँछ।

6 तालीममा सहभागी हुन चाहेका आवेदकहरुले आफूले तालीम लिन चाहेको एक समूहमा मात्र आवेदन फाराम बुझाउनु पर्नेछ।

7 छनोट तोकिएको मापदण्ड अनुसार हुनेछ।

8 आवेदकले सम्बन्धित संस्थाको नियुक्तिपत्र र कार्यानुभवको स्पष्ट रुपले मिति खुलेको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। निवेदन साथ शिक्षालय प्रमुखको स्वीकृति वा सिफारीश पत्र अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

9 शर्त सहितका र अपूर्ण निवेदनहरु स्वीकार्य हुने छैनन्।

10 तालीम संचालन भएको दिनको निर्वाह भत्ता दिईने छ।तालीम सफलता पूर्वक सम्पन्न गरेमा मात्र उक्त भत्ता दिईने छ। यसको बिस्तृत जानकारी फाराममा उल्लेख गरिएको छ ।

11 तालीमका लागि सहभागीहरुको छनोट, व्यवस्थापन र यस सम्बन्धी अन्य कार्यहरुका लागि **TITI** ले गरेको निर्णय अन्तिम हुनेछ।

---

**नोट:**

१. यो सूचना राम्ररी पढी बुझी सम्बन्धित आवेदन फाराम ठीकसंग भर्नु होला। व्यहोरा फरक परेमा फाराम रद्द हुनेछ।

२. एउटै मिति र ठाउँका लागि धेरै आबेदन परेमा र अन्य मिति र ठाउँमा कम परेमा प्रतिष्ठानले धेरै आवेदन परेका ठाउँबाट कम आवेदन परेका ठाउँमा समायोजन गर्न सक्नेछ।

३. बाहिरबाट स्क्यान गरी ई मेलबाट निबेदन पठाउने आवेदकहरुले छनोट भई तालीममा भाग लिन आउँदा सक्कल फाराम र स्क्यान गरि पेश गरेका सक्कल प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपीहरु अनिवार्य रुपले पेश गर्नु पर्नेछ नत्र भने तालीममा समावेश गरिने छैन।

४. बिशेष परिस्थितिमा तालीमको मिति र स्थान हेरफेर पनि हुन सक्नेछ।तालीमको मिति र स्थान हेरफेर हुने भएमा फोनबाट र ई मेलबाट जानकारी गराईनेछ। छनोटमा परेका आवेदकले पनि तालीमको लागि प्रस्थान गर्नु भन्दा अगाडि एक पटक पुनः जानकारी लिनु पर्नेछ।जानकारी नलिई आएमा र अन्यथा परेमा प्रतिष्ठान जवाफदेही हुने छैन।